"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

.................... शाखा

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

मितिः २०७८/०८/२३

## प्रेस विज्ञप्ती

आज मिति २०७८/०८/२३ गते व्यास नगरपालिकाको नियमित वैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भई निम्न लिखित मुख्य मुख्य निर्णयहरु भएको छ।

१) मिति २०७८/०७/२३ गते भएको वैठकको निर्णयहरु र कार्यान्वयन पक्षको समिक्षा गरियो।

२) यस नगरपालिका भित्र बालमैत्री स्थानीय शासन(CFLG) कार्यान्वयन गर्नका लागि आवश्यक कार्य अघि बढाउन नगर शिक्षा अधिकारी श्री नगेन्द्र प्रसाद रेग्मीलाई जिम्मा दिने निर्णय गरियो।

३) प्रा.वि शिक्षक दरबन्दी मिलान सम्बन्धी स्वईच्छिक अवकास प्रोत्साहन वितरण कार्यविधि २०७८, अनुदान कोटामा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७८, स्थानीय कृषि वजार व्यवस्थापन निर्देशिका २०७८, पारित गर्ने निर्णय गरियो। साथै स्वईच्छिक अवकासका लागि २०७८ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

४) यस नगरपालिका अन्तरगतका कर्मचारीहरुको तलब र अन्य सुबिधा सफ्टवेयर मार्फत गर्न गराउन लेखा शाखालाई जिम्मा दिने निर्णय गरियो।

५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८/०७/३० मा जारी "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्याङकन् तथा नयाँ अबधिको लागि करार संझौता सम्बन्धी मापदण्ड, २०७८" अनुसार यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको मुल्याङ्कन गर्न पुनरावलोकन कर्तामा प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लिराम सिग्देल, समिति सदस्यमा बरिष्ठ इन्जिनियर श्री राजु पौडेल, सुपरिवेक्षकमा बरिष्ठ अधिकृत श्री रामचन्द्र हड्खले लाई तोक्ने निर्णय गरियो। साथै सम्बन्धित शाखाको प्रमुखलाई आमन्त्रीत सदस्यको रुपमा वैठकमा उपस्थित गराइने समेत निर्णय गरियो।

६) यस नगरपालिकाको स्थानीय आर्थिक विकासका (LED Program) सम्भावनाहरुको अध्ययन प्रतिवेदन ३ महिना भित्र तयार गरि पेश गर्न कार्यालयलाई जिम्मा दिने निर्णय गरियो।

७) व्यास नगरपालिका भित्रका विद्यालयहरुमा दरबन्दी कटौति गर्दै जाँदा विद्यालयमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान गर्नुपर्ने र विद्यार्थी कम भएका विद्यालय मर्ज गर्नुपर्ने देखिँदा आवश्यक निर्णय लिनका लागि नगर प्रमुख, उप-प्रमुख र नगर शिक्षा अधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो। साथै बालबिकासमा न्यूनतम ५

डिल्लीराम सिग्देल

जना र अन्य तहगत आधारमा न्यूनतम १० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुलाई बालबालिकाको शिक्षा आर्जन गर्ने प्रत्याभूती गरी विद्यालय मर्ज गर्ने निर्णय गरियो।

८) व्यास न.पा भित्रका विद्यालयमा वार्षिक उत्सव गर्ने नाउँमा धेरै दिन विद्यालयमा पठन पाठन अबरुद्द हुने गरिएको पाइएकाले हरेक विद्यालयहरुले कोरोना महामारीको अवस्थालाई समेत मध्येनजर गरी तयारी एवं वार्षिक उत्सवलाई ३ दिन र वार्षिक उत्सव कार्यक्रम ३ घण्टा भित्र सामान्य तवरले सम्पन्न गर्नु गराउनुहुन शिक्षा शाखा मार्फत विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

९) विभिन्न वडाहरुबाट लागत सहभागिताका योजनाहरुको माग भईरहेकाले शहरी वडामा न्यूनतम ३०% र ग्रामिण वडाहरुमा न्यूनतम २०% लागत सहभागिता रहने गरी २० लाखका ५ र १० लाखका १० योजनाहरुको लागत स्टिमेट र सम्बन्धित वडाको सिफारिसका आधारमा पौष १० गते भित्र टोल विकास संस्था मार्फत प्रस्ताव माग गर्ने गरी पुर्वाधार विकास तथा योजना विकास शाखालाई जिम्मा दिने निर्णय गरियो।

१०) कार्यालयको काममा बाधाँ नपर्ने गरि जनप्रतिनिधि र कर्मचारी भ्रमण प्रस्तावलाई व्यवस्थापन गर्न नगर उप-प्रमुख श्री मीरा जोशीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो।

११) तनहुँ उद्योग वाणिज्य संघले महोत्सवका लागि स्थान उपलब्ध गराउन माग गरेको सम्बन्धमा छलफल हुदाँ व्यास-०४ र १० को सिमानामा रहेको माथिल्लो भतेरी उपलब्ध गराउने र जग्गा व्यवस्थापन र यातायात मार्ग व्यवस्थापन गर्न नगरपालिकाले सहयोग गर्ने निर्णय गरियो।

..................................

डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत